# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

भूमिसुधार मन्त्रालयका सचिव श्री नारायणविक्रम शाह अस्वस्थ हुनु भै बिदामा रहनुभएको हुँदा उहाँ हाजिर नभएसम्म वा अर्को व्यवस्था नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री किरेन्द्रसिंह के. सी. लाई मिति २०४२।६।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

सञ्चार मन्त्रालयका सचिव श्री टेकबहादुर खत्री चीनको सिन्ह्वा न्यूज एजेन्सीको मैत्रीपूर्ण निमन्त्रणामा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री उत्तमलाल श्रेष्ठलाई मिति २०४२।७।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद काफ्ले घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४२।७।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।